आज मिति २०८२ असार २४ गते मङ्गलबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को २३ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री लोकेन्द्र विश्वकर्मा | को.ध. |

प्रस्तावहरु

१. ठेक्काहरुको म्याद थप सम्बन्धमा।
२. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
३. महिनावारी सचेतनाको कार्यक्रमको दररेट सम्बन्धमा।
४. LISP सँग साझेदारी सम्बन्धमा।
५. भूमी सम्बन्धीको लगत संकलन सम्बन्धमा।
६. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।
७. बहुविपद प्रकोप नक्साङ्कन प्रतिवेदन अनुमोदन।
८. स्वास्थ्य संस्थाहरुको आन्तरिक लेखापरीक्षण सम्बन्धमा।
९. लिफ्ट खानेपानी मर्मत सम्बन्धमा।
१०. रोजगार रणनीति सम्बन्धमा।
११. विविध

## निर्णय नं १

तपसिलका ठेक्काहरुको म्याद यहि २०८२ असार मसान्तमा समाप्त हुने भएको र काम सम्पन्न हुन नसकेकोले उक्त ठेक्काहरुको म्याद २०८२ पौष समान्त सम्मको लागि थप गर्ने।

तपसिल

| सि नं | योजनाको नाम | ठेक्का नं | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभुत अस्पताल निर्माण | DRM/NCB/W/09/2077/78 | म्याद थप | २०८२ पौष मसान्त |
| २ | सिमाखोली गोठिवन भुर्तिबाङ लिगाचौर प्रसुतिगृह सडक | DRM/NCB/R/01/2079/080 | म्याद थप | ०८२ पौष मसान्त सम्म |

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | बाघखोर झ्यारीबाङ फारुला सडक | DRM/NCB/R/02/2079/080 | म्याद थप | ०८२ पौष मसान्त सम्म |

**निर्णय नं २**

दार्मा गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको करार सम्झौताको म्याद यहि २०८२ असार मसान्तमा समाप्त हुने भएकोले अनुसूची १ बमोजिमका कर्मचारीहरुको करार म्याद यहि मिति २०८२ साल पौष मसान्त सम्मको लागि थप गर्ने ।

**निर्णय नं ३**

महिनावारी सचेतना सम्बन्धी कार्यक्रममा गायक श्री टिका सानु वि.क. को पारिश्रमिक सम्बन्धमा एकमुष्ट रु. ५८,००० रकम भुक्तानीको लागि पेश हुन आएकोले उक्त रकम भुक्तानी गर्न निर्देशन दिने ।

**निर्णय नं ४**

आगामी आ.व. २०८१/०८२ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP सँगको साझेदारीमा तपसिलका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

तपसिल

| आर्थिक वर्ष २०८२/०८३ को LISP अन्तर्गत छनोट भएका प्रस्तावित आयोजनाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी | | | | बजेटःरु. हजारमा |
| क्र.सं. | आयोजना | वडा नं. | कुल लागत | पालिका | | LISP | | कुल रकम |
| | | | | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| १ | हाँरीखोला फारुला चैतेखोला सडकस्तरोन्नति | ३,४ र ६ | २२५०० | ४५०० | २० | १८००० | ८० | २५५०० |

निम बहादुर के.सी.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चैतेखोला सडकस्तरोन्नति | | | | | | | |
| २ | मौलेखाली दार्माकोट नुवाकोट सडक स्तरोन्नति | १ र२ | १२५०० | २५०० | २० | १०००० | ८० | १२५०० |
| ३ | टिकेपातल रातामाटा नेटापिपल साङ्ट सडक निर्माण तथा स्तरोन्नति | ५ | ७५०० | १५०० | २० | ६००० | ८० | ७५०० |
| ४ | हाँरीखोला लामिडाँरा लिफ्ट सिंचाई आयोजना | ४ | २६०० | १०४० | ४० | १५६० | ६० | २६०० |
| ५ | सौरेरह चिसापानी सिंचाई कुलो निर्माण | २ | २५०० | १००० | ४० | १५०० | ६० | २५०० |
| | जम्मा | | ४७६०० | १०५४० | | ३७०६० | | ४७६०० |

**निर्णय नं ५**

भूमि समस्या समाधान आयोगको मिति २०८२/०२/२९ गतको भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यबस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि वडाकार्यालयहरु मार्फत आवेदन संकलन गर्न गराउन तपसिलको जनशक्ति व्यवस्थापन गर्ने ।

तपसिल

| सि | जनशक्ति | पद | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| नं | | | | | |
|---|---|---|---|---|---|
| १ | भूमि शाखामा | छैठौं | १ | दिनु नपर्ने | अतिरिक्त समय काम गरेको खाजा खाना खर्च दिने |
| २ | भूमि शाखा | पाँचौ | १ | दैनिक ११०० | |
| ३ | वडा कार्यालयहरु | चौथो | ६ | दैनिक १००० | |

**निर्णय नं ६**

दार्मा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M) पास गरि सभामा पेश गर्ने ।

**निर्णय नं ७**

दार्मा गाउँपालिकाको बहुविपद प्रकोप नक्साङ्कन, २०८२ अनुमोदन गर्ने ।

**निर्णय नं ८**

दार्मा गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको लामो समय आन्तरिक लेखापरीक्षण नभएकोले गाउँपालिकाको आन्तरिक लेखापरीकबाट ८ वटै स्वास्थ्य संस्थाहरुको आन्तरिक लेखा परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं ९**

तपसिलका लिफ्ट खानेपानी योजनाहरुको मोटर तथा इन्भर्टर खरावी भई मर्मत गरिसकेकोले तपसिलको शिर्षकबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

तपसिल

| सि नं | लिफ्ट खानेपानी आयोजनाको नाम | ठेगाना | सामान | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सौरखाली लिफ्ट खानेपानी | दार्मा ४ | इन्भर्टर खरिद | | |
| २ | सुर्योदय मा.वि. लिफ्ट खानेपानी | दार्मा ६ | मोटर खरिद | | |

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सिस्नेरी मौलोहाल्ने लिफ्ट खानेपानी | दार्मा ५ | मोटर खरिद | | |

**निर्णय नं १०**

दार्मा गाउँपालिकाको रोजगार रणनीति २०८२ पास गर्ने ।

निम वहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत